आर्थिक बर्ष : २०७९/८०

बैठक संख्या : १

आज मिति २०७९/०४/०१ गतेका दिन विरुवा गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य वहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको वैठकवाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सुर्य वहादुर कुवँर अध्यक्ष

श्री भगवती शर्मा उपाध्यक्ष

श्री राजेन्द्र कुमार के.सी. सदस्य

श्री नोम वहादुर गुरुङ सदस्य

श्री मनुकुमारी राना सदस्य

श्री मुक्त वहादुर गुरुङ सदस्य

श्री ङन वहादुर थापा सदस्य

श्री कृष्णवहादुर क्षेत्री सदस्य

श्री मेखराज गुरुङ सदस्य

श्री नविन कुमार आले सदस्य

श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य

श्री र माया गुरुङ सदस्य

श्री दुर्मा देवी थापा सदस्य

श्री इन्दिरा पोखेल सदस्य

श्री पाल सिं विश्वकर्मा सदस्य

श्री कोपिला वि.क.सदस्य

श्री अनन्तराज न्यौपाने सदस्य सचिव प्र.प्र.अ.

श्री पितामबर पोखेल प्रशासन शाखा प्रमुख

श्री बलराम पौडेल

श्री शंकर चापागाईं

श्री श्रीराम वाग्ले

मिति २०७९/०४/०१

निर्णय नं. १

विरुवा गाउँपालिका कार्यालयबाट आर्थिक बर्ष २०७८/७९ मा संचालित बार्षिक योजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था, प्रभावकारिता लगायत विविध पक्षहरुको समिक्षा गर्दै विगतका राम्रा पक्षलाई निरन्तरता दिदै कार्यान्वयनका क्रममा देखिएका कमि कमजोरीहरुलाई सुधार गरी चालु आर्थिक बर्षका लागि निर्धारित योजना तथा कार्यक्रमहरुको प्रभाबकारी रुपमा कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. २

विरुवा गाउँपालिका र अन्धाअन्धी सामुदायिक बिकास केन्द्र, स्याङ्जा बिच क्षेत्रगत झोलुङ्गे पुल कार्यक्रम संचालन गर्न भएको सम्झौताको समयावधि समाप्त भएको हुँदा पुन यस गाउँपालिका र उक्त संस्थाविच भएको सम्झौता नवीकरण गरी झोलुङ्गे पुलनिर्माणको कार्यक्रमलाई निरन्तरता दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ३

विरुवा गाउँ कार्यपालिकाको मिति २०७९/०२/१९ को निर्णय नं. १ मा विरुवा गाउँपालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरुमा आ. व. २०७९/८० बाट ल्याब(प्रयोगशाला) स्थापना गरी संचालनमा ल्याउने निर्णयको कार्यान्वयन गर्न आवश्यक कर्मचारीहरु प्रयोगशाला सहायक(ल्याब असिस्टेन्ट) को दरबन्दी आवश्यक हुदा स्वास्थ्य तर्फको दरबन्दिमा कार्यालय सहयोगि र प्रयोगशाला सहायक(ल्याब असिस्टेन्ट) आवश्यकताको आधारमा करार सेवाबाट पदपूर्ति गर्न सकिने कानुनी व्यवस्था बमोजिम तलब भत्ता संघिय शर्सत अनुदानको स्थानिय तहका स्वास्थ्य चौकी, प्रा. स्वा. के. र अस्पतालहरुमा कार्यरत कर्मचारीको तलब, मंहगि भत्ता, स्थानिय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत शिर्षकबाट भुक्तानी गर्ने गरि ५ वटा प्रयोगशाला सहायक (ल्याव असिस्टेन्ट) सहायक स्तर चौथोको दरबन्दि सृजना गर्ने सर्बसहमतिले निर्णय गरियो।

निर्णय नं. ४

विरुवा गाउँपालिका कार्यालय लगायत अन्तर्गतका विभिन्न स्वास्थ्य चौकीहरुमा रिक्त तपसिलका पदहरुमा करारमा कर्मचारी पदपूर्तीका लागि प्रकिया अगाडी बढाउने सर्बसहमतिले निर्णय गरियो।

तपसिलः

| क्र. सं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | रोजगार संयोजक | छैटौं | १ | |
| २ | रोजगार सहायक | पाँचौ | १ | |
| ३ | ल्याब असिस्टेन्ट | चौथो | ५ | |
| ४ | अ.हे.ब. | चौथो | २ | |
| ५ | अ.न.मी. | चौथो | १ | |

निर्णय नं. ५

विरुवा गाउँपालिका कार्यालयबाट कार्यान्वयन गरिने कृषि/पशुपंक्षि कार्यक्रमका लागि अनुदान, कृषि तथा पशु कार्यक्रम संचालन तथा व्यावस्थापन साथै गाउँपालिकामा निर्माण सम्पन्न भएको कृषिउपज संकलन केन्द्र तथा हाटबजारको प्रभावकारी संचालन गर्नका लागि आवस्यक कार्यविधी बनाई १ महिनाभित्र कार्यपालिकामा पेश गर्न तपसिल सदस्य रहने गरी एक कार्यदल गठन गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिल :

कृष्ण बहादुर क्षेत्री :संयोजक

राजेन्द्र के सी : सदस्य

मनु कुमारी राना :सदस्य

गाउँपालिका अध्यक्षले तोकेका विरुवा गाउँपालिकाभित्रका कृषि सहकारी संस्थाका प्रतिनिधि (२ जना) :सदस्य

योजना शाखा प्रमुख, विरुवा गाउँपालिका :सदस्य

प्राविधिक शाखा प्रमुख, विरुवा गाउँपालिका :सदस्य

पशुपंक्षी शाखा प्रमुख, विरुवा गाउँपालिका :सदस्य

कृषि शाखा प्रमुख, विरुवा गाउँपालिका :सदस्य सचिव

निर्णय नं. ६

विरुवा गाउँपालिका कार्यालयबाट चालु आर्थिक वर्षमा निर्माण/संचालन हुने योजना तथा कार्यक्रमका लागि प्रयोग हुने निर्माण सामाग्री, कामदारको ज्याला निर्धारण लगायत अन्य प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालय, स्याङ्जाबाट आ.ब. २०७९/८० का लागि निर्धारण गरिएको जिल्ला दररेटलाई आधार मानी संचालन गर्ने गरी स्वीकृती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. ७

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान र विरुवा गाउँपालिका कार्यालयविच भएको समझदारी अनुरुप तयार गरिएको विरुवा गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८/७९ स्वीकृत गर्ने सर्बसहमतिले निर्णय गरियो।